# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission**

**केन्द्रीय कार्यालय, Central Office**

**हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal**


**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ ज्येष्ठ २७ गते

## भूकम्प पश्चात देशको मानव अधिकारको स्थितिका बारेमा व्यवस्थापिका संसद अन्तर्गतको सामाजिक न्याय तथा मानव अधिकार समितिसँग छलफल ।

व्यवस्थापिका संसद अन्तर्गतको सामाजिक न्याय तथा मानव अधिकार समिति र राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीबीच भूकम्पपछिको समग्र मानव अधिकारको स्थितिको सम्बन्धमा आज छलफल भएको छ ।

समितिको कार्यालय सिंहदरबारमा भएको छलफलमा व्यवस्थापिका संसद अन्तर्गतको सामाजिक न्याय तथा मानव अधिकार समितिका सभापति तथा सभासद् र राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीबीच भएको छलफलमा भूकम्प प्रभावितहरुका लागि भईरहेको राहत वितरण, उद्धार कार्य, पुर्ननिर्माण तथा समग्र मानव अधिकार अवस्थाको बारेमा आगामी दिनमा संयुक्त रुपमा अनुगमन गर्ने सहमति भएको छ ।

छलफलमा भूकम्पपछिको अवस्थाको बारेमा मानव अधिकार आयोगले गरिरहेको अनुगमनको सम्बन्धमा आयोगका अध्यक्ष लगायत सदस्यहरुले जानकारी गराउनु भएको थियो । सो क्रममा आयोगका अध्यक्ष अनुपराज शर्माले भूकम्प पीडितले राहत पाए, नपाएको सम्बन्धमा आयोगले निरन्तर रुपमा अनुगमन गरिरहेको भन्दै आगामी दिनमा समेत यसलाई निरन्तरता दिने बताउनुभयो । उहाँले राहत वितरणमा ढिलाई गर्ने सरकारी निकायहरुलाई आयोगको कार्यालायमा बोलाई ध्यानाकर्षण गराएको बारे समितिमा जानकारी गराउनु भयो ।

छलफलमा आयोगका सदस्य प्रकाश वस्ती, सुदिप पाठक, मोहना अन्सारी र गोविन्द शर्मा पौड्यालले सरकारी निकाय र अन्य संघ, संस्था बीच एक आपसमा सहकार्य हुन नसक्दा वास्तविक भूकम्प पीडितले राहत नपाएको, केही स्थानका भूकम्प पीडितलाई वितरित खाद्यान्न गुणस्तरहीन पाइएको, तथा महिला र बालिकाहरु बेचबिखनको उच्च जोखिममा परेको अनुगमनबाट देखिएका कुराहरु राख्नुभएको थियो ।

उहाँहरुले आगामी दिनमा भूकम्पपछि नेपालमा निम्तिन सक्ने बाढी पहिरोबाट बच्न बेलैमा सरकारले सावधानी अपनाउन तर्फ पहल गर्नुपर्ने बताउनुभएको थियो । सो क्रममा व्यवस्थापिका संसद अन्तर्गतको सामाजिक न्याय तथा मानव अधिकार समितिका सभापति शुसिल कुमार श्रेष्ठ तथा सभासदहरुले भूकम्पपछि उच्च जोखिममा रहेका गाउँहरुलाई मनसुन अगावै सुरक्षित स्थानमा स्थान्तरण गर्नुपर्ने भन्दै आगामी दिनमा आयोगसँगै सहकार्य गरेर अगाडि बढ्ने प्रतिबद्धता जनाउनुभएको थियो ।

मोहना अन्सारी

सदस्य तथा प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,

Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org